गढी गाउँपालिका

# बिउ बिजन अनुदान सञ्चालन कार्यविधि-२०८०

कार्यपालिकामा पेश भएको मिति : २०८०/०६/०९

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०६/१५

गढी गाउँपालिका
सुनसरी, जिल्ला
कोशी प्रदेश

## प्रस्तावना स्वीकृत मिति: २०८०/०६/१५

गढी गाउँपालिकामा रहेका खेती योग्य जमिनहरु बाँझिन्दै गइरहेको छ । खेती योग्य जमिन बाँझिन्दै जानुको पछाडि विभिन्न कारणहरु छन् । वैदेशिक रोजगारी र शहर-बजार बसाइँ जानेहरु बढेपछि गाउँघरमा कृषि कर्म गर्नेहरुको संख्या कम हुँदै गइरहेको छ । जङ्गली जनावरहरुको अतिक्रमणले समेत गाउँघरको खेतीपातीमा प्रत्येक्ष असर पुर्याउँदै आएको छ । खेती योग्य जमिनहरु बाँझिन्दै जानु भनेको परनिर्भरता बढ्नु मात्रै होइन रोजगारीको अवसर गुम्नु, ,आम्दानीको स्रोत घटनु हो । बाँझिएका जमिनहरुमा पुनः खाध्यान्न उत्पादनको सम्भावना भए पनि आम कृषकहरुको आकर्षण कम छ । अतः किसानलाई बिउ बिजन अनुदान सहित /सामुदायिक संस्थाहरुलाई प्रोत्साहन गर्न बान्छनीय भएको हुनाले यो कार्यविधि जारी गरी लागू गरिएको छ ।

# परिच्छेद-१

## प्रारम्भिक

### १) संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम खाद्यान बिउ बिजन प्रोत्साहन अनुदान सञ्चालन कार्यविधि-२०८० रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २) परिभाषा :

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"कार्यपालिका"** भन्नाले गढी गाउँपालिका गाउँ कार्यपालिकालाई बुझ्नु पर्छ ।

(ख) **"समिति"** भन्नाले गढी गाउँपालिकाको कृषि विकास समितिलाई बुझ्नु पर्छ ।

(ग) **"शाखा"** भन्नाले गढी गाउँपालिकाको कृषि तथा पशु विकास शाखालाई बुझ्नु पर्छ ।

(घ) **"वडा कार्यालय"** भन्नाले गढी गाउँपालिकाको वडा कार्यालयलाई बुझ्नु पर्छ ।

(ङ) **"मुल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको बुँदा नं ६ बमोजिम गठन भएको समितिलाई बुझ्नु पर्दछ ।

(च) **"उद्यमी/व्यवसायी"** भन्नाले गाउँपालिका तथा करदाता कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण गरेका कृषि/पशु फार्म तथा व्यवसायिक कृषकहरुलाई बुझ्नु पर्दछ ।

### ३) कार्यक्रम सञ्चालनको उद्देश्य :

यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिमको हुने छ ।

(क) आधुनिक खेतिमा आकर्षण तथा बाझो जमिनको उपयोग ल्याउनु हो ।

(ख) बसाँई जाने प्रवितिलाई निरुत्साहित गर्ने ।

(ग) जमिनको बहु उपयोगमा जोड दिने ।

(घ) कृषि क्षेत्रमा रोजगारीको सिर्जना गर्ने ।

(ङ) सामूहिक रुपमा खाद्ययन बालि बिउ उत्पादन गर्नु हो ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रक्रिया

### ४) कार्यक्रम सञ्चालन गरिने वडाहरु :

यो कार्यक्रम गढी गाउँपालिकाका सबै वडाहरुमा सञ्चालन गरिने छ ।

### ५) प्रस्ताव आह्वान :

(क) यस कार्यविधि सबै कृषकहरुलाई अनुदान उपलब्ध गराउन गाउँपालिकाको कृषि विकास शाखाले तोकिएको ढाँचामा इच्छुक कृषि उद्यमी, समूह, सहकारीलाई स्थानीय पत्रपत्रिका, स्थानीय रेडियो, गाउँपालिकाको वेभसाइट, फेसबुक पेज आदि मार्फत कम्तीमा १५ दिनको समय दिएर अनुसुची १ बमोजिम प्रस्ताव आह्वान गर्नुपर्ने छ । यस्तो सूचना गाउँपालिका तथा सम्पूर्ण वडा कार्यालयहरुको सूचना बोर्डमा टाँस गर्ने व्यस्था मिलाउनु पर्ने छ ।

(ख) सुचना प्रकाशन भएको मिति भित्र कुनै पनि आवेदन दर्ता नभएको खण्डमा पुण : ७ दिनको सुचना आह्वान गर्नुपर्ने छ ।

(ख) यस कार्यविधि अनुरुप अनुदान माग गर्न चाहने कृषि उद्यमी/ समूह/सहकारी/कृषि फर्म लाई तोकिएको मिति भित्र कार्य विवरण सहित अनुसूचि २ मा रहेको ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने छ ।

(ग) आवेदकहरुले सम्बन्धित कार्यालयमा पेश गर्ने प्रस्तावको साथमा सम्बन्धित वडा कार्यालयको सिफारिस, जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि, व्यवसाय/समूह/संस्थाा दर्ता/नवीकरण प्रमाण-पत्र, व्यवसाय दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र, अनुभव तथा तालिमको प्रमाण-पत्रको प्रतिलिपि आदि पेश गर्नु पर्नेछ ।

### ६) प्रस्ताव मूल्याकन समिति :

क) यस कार्यविधि बमोजिम अनुदान हस्तान्तरणको लागि प्राप्त प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहने छ ।

- गढी गाउँपालिकाका अध्यक्ष -संयोजक
- गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकाका १ कर्मचारी -सदस्य
- आर्थिक प्रशासन शाखा -सदस्य
- योजना शाखा -सदस्य
- कार्यपालिका सदस्य -सदस्य
- महिला कार्यपालिका सदस्य -सदस्य
- कृषि विकास शाखा प्रमुख -सदस्य सचिव

ख) मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

ग) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिकाका उपाध्यक्ष, वडाध्यक्षहरु तथा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ ।

घ) मूल्याङ्कन समितिले आवश्यकता अनुसार अन्य विज्ञहरुलाई समेटेर स्थलगत अध्ययन समेत गर्न सक्ने छ ।

## ७) अनुदान सम्बन्धि व्यवस्था :

(क) यो अनुदान कार्यक्रममा गढी गाउँ पालिकामा स्थायी बसोबास गरी कृषि फर्म दर्ता गरेका वा गाउँपालिकाको क्षेत्रभित्र कार्यक्षेत्र रहेको समुह, सहकारी र कृषकले आवेदन दिन सक्ने छन् ।

(ख) यस अनुदान कार्यक्रममा सहभागी हुनको लागि तपशिल बमोजिमको विउ विजन तथा खाद्यान्न तोकिए बमोजिमको प्रति कठ्ठा परिमाण/क्षेत्रफल र दूरी कायम गरी लगाउनु पर्ने छ ।

| क्र.सं | बालीको नाम | विउ परिमाण प्रति कठ्ठा (के.जी.) | कैफियत |
|---|---|---|---|
| १ | मकै बिउ हाईबिडः नेपाल सरकार बाट प्रमाणित जात | ०.६-०.८ के. जी. | |
| २ | धानःनेपाल सरकार बाट प्रमाणित जात | १.३-१.५ के. जी. | |
| ३ | गहुँःनेपाल सरकार बाट प्रमाणित जात | ४ के.जी. | |

नोट : अन्य बालिको हकमा बिउ दरको परिमाण अन्य सरकारी दस्तावेजको आधारमा रहनेछ ।

(ग) माथि उल्लेखित विउ विजन तथा खाद्यान्न बालि लगाए वापत कृषकहरु/संस्थाले तपशिल बमोजिमको क्रियाकलापमा अनुदान पाउने छन् । जसको लागि अनुसूची -२ अनुसारको फारम भर्नु पर्ने छ ।

| क्र.सं. | क्रियाकलाप | पालिकाबाट पाउने अनुदान | कृषकले बेहोर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | बिउ खरिद | ५०% | ५०% | सरकारी दर/रेट |
| २ | बिउ ढुवानी | ०% | १००% | सरकारी दर/रेट |

(घ) अनुदान लिन चाहने कृषक वा संस्थाले भाडामा लिएको जमिन भए सो अनुसार जग्गाको सम्झौता पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

## ८) कृषकलाई बिउ उपलब्ध गराउने विधि :

स्थानिय तहले परिछेद २ बुदा नम्बर ७ ख को विउ दरको आधारमा कृषकहरुले उपलब्ध गराएको जग्गाको क्षेत्रफल र कृषकले माग गरिएका आधारमा सम्भव भएसम्म सम्पूर्ण कृषकहरुलाई बराबर अनुपातमा बिउको परिमाण उपलब्ध गराईने छ ।

## ९) कार्यक्रम सञ्चालनका लागि छनौटका आधारहरु :

(क) निवेदन वा सम्बन्धित वडा कार्यालयको सिफारीस हुनु पर्ने ।

(ख) आवेदकको नेपाली नागरीकताको प्रतिलिपी हुनु पर्ने ।

(ग) जग्गा धनि लालपूर्जा को प्रतिलिपी हुनु पर्ने ।

(घ) भाडामा लिएको जमिन भए सो अनुसार जग्गाको सम्झौता पत्रको प्रतिलिपि पेश गर्नु पर्ने ।

(ङ) संस्थाको हकमा दर्ता प्रमाण पत्र, कर चुक्ता, अडिट रिपोट, पान नम्बर,कार्यालयमा सूचिकृत भएको हुनु पर्ने ।

## १०) अनुदान रकम प्रवाहको व्यवस्था :

(क) कृषकको हकमा : बीउ वितरण गर्ने समयमा कृषकले लागतको ५० प्रतिशत  र ढुवानी खर्च विउ लिने समयमा व्यहोर्नु पर्ने हुन्छ ।

(ख)विउबिजन आपूर्तीकर्ताको हकमा : विउबिजन आपूर्तीकर्ताले समभ्फौता बमोजिमको काम पुरा गरी मात्र बिल, भर्पाई, फोटो साथै आवश्यक कागजात पेश गरी नियमानुसार  गढी गाउँपालिकाले अनुदान रकम उपलब्ध गराउने छ ।

## ११) बीउ आपूर्तिकर्ताको छनोट :

प्राप्त बजेटको परिधि भित्र रहेर सम्बन्धित स्थानिय तहले कृषकलाई वितरण गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ एवं अन्य प्रचलित आर्थिक ऐन नियमको परिधि भित्र रहि उन्नत विउ आपूर्तिको लागि योग्य आपूर्तिकर्ताहरु छनोट गर्नुपर्ने छ । आपूर्तिकर्ता छनोटको लागि प्रकाशित गरिने सार्वजानिक सुचनामा अन्य बिषयहरुको अतिरिक्त देहायका बिषयहरु समेत उल्लेख गर्नुपर्ने छ ।

क) आपूर्ति गर्नु पर्ने मोटामोटि विउको परिमाण

ख) आपूर्ति गर्नु पर्ने वालि अनुसारको जातहरु

ग) प्रति के. जि. बिउको मूल्य (वितरण गरिने स्थानसम्म )

घ) आपूर्ति गरिसक्नु पर्ने समय सिमा

ङ) बीउ वितरण गरिनु पर्ने स्थान

## १२)आपूर्तिकर्तासंग सम्झौता :

स्थानिय तहले आपूर्तिकर्तासंग सम्झौता गर्दा अनुसूचि ४ बमोजिम गर्नुपर्ने छ

## (१३) अन्य सर्तहरु :

(क) न्यूनतम मापदण्ड पूरा नगरेको खण्डमा अनुदान वापत्को रकम उपलब्ध गराउन गाउँपालिका बाध्य हुने छैन ।

(ख) कार्यक्रममा सहभागी कृषक/संस्थाहरुले यो कार्यक्रम बीचैमा छोड्ने वा बिउ बालि विरुवा रोपेको स्थानमा अन्य  बोट-विरुवा लगाउने वा भौतिक पूर्वाधारहरु निर्माण गर्न पाउने छैन् ।

(ग) माथि उल्लेखित सर्तहरु उल्लंघन भएको भेटिएमा अनुदान वापतको रकम गाउँपालिकाले फिर्ता लिन सक्ने छ । साथै आगामी दिनमा गाउँपालिकाबाट प्राप्त हुने कुनै पनि अनुदानको कार्यक्रममा सहभागी हुनबाट सम्बन्धित व्यक्ति/संस्थालाई बञ्चित गरिने छ ।

## परिच्छेद-३

## विविध व्यवस्था

### १४) अनुगमन, निरिक्षण तथा मुल्याङ्कन सम्बन्धि व्यवस्था :

यस कार्यविधि अनुसार उपलब्ध गराईने अनुदान सदुपयोग भए नभएको बारेमा कार्यालयले जुनसुकै समयमा प्रस्ताव मुल्याङ्कन समितिले अनुगमन, निरिक्षण तथा मुल्याङ्कन गर्न सक्ने छ ।

### १५) बाधा अड्काउ फुकाउने अधिकार :

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरुमा द्विविधा उत्पन्न भएमा वा यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रस्ताव मूल्याकन समितिको सिफारिसमा कार्यपालिकाले द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्ने छ ।

### १६) प्रचलित कानून बमोजिम हुने :

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

### १७) कार्यविधि संशोधन :

गढी गाउँपालिकाको कार्यपालिकाले यस कार्यविधिमा समयानुकूल संशोधन गर्न सक्ने छ ।

### १८) खारेजी तथा बचाउ :

संविधान र प्रचलित कानुन बाजिएको यस कार्यविधिको दफा र उपदफाहरु बाजिएको हदसम्म स्वत : निश्कृय हुनेछ ।

# अनुसूची-१

**सूचना । सूचना सूचना ॥**

**प्रथम पटक प्रकाशित मितिः ......................**

**विषयः ५०% अनुदानमा ........... उन्नत बिउ वितरण सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस गढी गाउँपालिकाको कृषि विकास शाखाको आ.व. ....... को स्वीकृत कार्यक्रम अन्तंगत ५०% अनुदानमा वितरण गरिने 'उन्नत जातको धान, गहुँ र मकैको बिउ वितरण कार्यक्रम' रहेकोले मागको आधारमा .......को बिउ कृषकहरुलाई वितरण गर्नुपर्ने भएकाले यस कृषि विकास शाखामा स्थानीय कृषकहरु दर्ता भएका कृषि फर्म/व्यक समूह सहकारीहरुले आफूलाई आवश्यक भएको बीउको परिमाण तथा बाली लगाउने क्षेत्रफल खुलाई तपसिलमा उल्लेखित कागजात सलग्न राखि यो सुचना प्रकाशित भएको मितिले ..... दिन मिति ............. गते भित्र कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन, सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल :**

नोटः धान,गहुँ र मकैको बीउ नेपाल सरकारले स्वीकृत गरिएको जातहरु मात्र उपलब्धग गराउन सक्ने ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :

१. परिमान खुल्ने गरि निवेदन ।

२ निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र जग्गा धनिपुजांको प्रतिलिपि ।

३ सम्बन्धित वडा कार्यलयको सिफारीस ।

४. समूह, सहकारी र फार्मको हकमा सस्था दर्ता प्रमाण-पत्र, स्थाई लेखा नम्बर, कर चुक्ता प्रमाण-पत्र र निणयंको प्रतिलिपि ।

५. सहकारीको हकमा लेखापरीक्षण प्रमाणपत्रको प्रतिलिपि ।

६. आवश्यक बिउ, जात र लगाउने कृषक नाम, ठेगाना, क्षेत्रफल र सम्पर्क नं. अनिवार्य राख्नु पर्ने छ ।

**बोधार्थ :**

१. श्री वडा कार्यालय सबै जानकारीको साथै कृषकहरुलाई सुचना प्रवाह गरिदिनुहुन ।

२. श्री सूचना प्रविधि शाखा गाउँपालिकाको Website तथा facebook मा upload गरि सुचना प्रवाह गरिदिनुहुन ।

..............................

प्रमुख प्रशासकीय अधिकृत

६

# अनुसूची-२

(कार्यविधिको सँग सम्बन्धित छ ।

**अनुदान सहयोगको लागि कृषक/संस्थाले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा**

मिति : ..........................

श्री गढी गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
कृषि शाखा, औरावनी, सुनसरी

विषय : ........................................................................ ।

महोदय ,

उपरोक्त सम्बन्धमा गढी गाउँपालिका कृषि सेवा शाखाको मिति.................... गतेको प्रकाशित सूचना अनुसार म( आवेदकको नाम/ठेगाना) ..............................................................बस्ने श्री.............................................ले धान/मकै/गहुँ ..........विघा/कठ्ठा/धुर मा खेतिपाति गरि रहेको हुदाँ तपसिल बमोजिमको कागजात ,धान/ मकै/गहुँ को जात र परिमाण सहित यो निवेदन पेश गरेको छु साथै उपलब्ध गरिदिनु हुन् अनुरोध ।

**तपशिल :**

**१.संस्थाको हकमा** : व्यवसाय दर्ता प्रमाणपत्र, नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र अडिट रीर्पोट, पान नम्बरको प्रतिलिपि , बैठकको माईनुट प्रतिलिपि, संस्थाको अध्यक्षको नागरिकताको प्रमाण पत्र को प्रतिलिपि ।

**२.एकलौटि कृषकको हकमा :**

१. जग्गा धनिपूर्जाको छाया प्रति ।
२. नेपाली नागरिकता प्रमाण पत्र को प्रतिलिपि ।
३. वडा कार्यालयको सिफारीस ।
४. गहुँ को जातहरु : गौतम/ विजय/ एन.एल.९७१/ बि.एल.४३४१
परिमाण :......... के.जी.
५. मकै को जातहरु : रामपुर कम्पोजिट हाब्रिड
परिमाण :...........के.जी.

निवेदक :
नाम : ..............................
ठेगाना : ............................
सम्पर्क नम्बर :.....................
हस्ताक्षर :...........................
संस्थाको छाप :.....................

# अनुसूची-३

**कार्यविधिको सँग सम्बन्धित रहेकोमा ।**

आ.व. ........ मा गढी गा.पा. कृषि शाखाबाट उन्नत .........को बिउ वितरण गरिएको भरपाई फारम

| क्र.स. | कृषकको नाम | ठेगाना | सम्पर्क नं | बिउ परिमाण (केजि) | पालिकाले बेहोर्ने | कृषकले बेहोर्ने | जम्मा मुल्य | ढुवानी खर्च | बुझिलिएको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसूची-४

(कार्यविधिको सँग सम्बन्धित संझौता ।

## बिउ बिजन आपुर्तिकर्तासगँ सम्झौता पत्र ।

## सम्झौता पत्र

यस गढी गाँउपालिकालाई आ.व........ को लागि बिनियोजित बजेट............................ कार्यक्रम बाट कृषकहरुलाई उन्नत ........ विउ वितरण कार्यक्रम संचालन गर्नको लागि गढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ,औरावनी सुनसरी (यस पछि पहिलो पक्ष भनिएको) र श्री .................. (यस पछि दोस्रो पक्ष भनिएको) बीच यस गढी गाउँपालिका क्षेत्र भित्रको कृषकहरुलाई समेटी .......... विउ खरिद गर्नको लागि सहमती भई तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि सम्झौतामा हस्ताक्षर गरी एक/एक प्रति लियौ दियौ ।

**तपसिलः**

१.यस सम्झौता बमोजिमको........ विउ दोस्रो पक्षले पहिलो पक्षलाई विउ हस्तान्तरण गर्दा दोस्रो पक्षले गाउँपालिका सम्म ढुवानी गर्नुपर्नेछ ।

२.सम्झौता वमोजिम बजेट अनुरुप माग बमोजिमको विउ पहिलो पक्षलाई दोस्रो पक्षले उपलब्ध गरी बिल पेश गर्नुपर्नेछ ।

४.दोस्रो पक्षले विउविजन हस्तान्तरण गर्दा दर रेट अनुसार विउविजन उन्नत, उत्कृष्ट , गुणस्तरीय र हरेक बोरा प्याकेजिङ्ग गरिएको उपलब्ध गर्नुपर्ने छ ।

५.प्याकेजिङ्ग सामाग्री टुटफुट भएमा वा पोका फूटि छरिएर नष्ट भएमा सोको जिमेवारी दोस्रो पक्षले लिनु पर्नेछ ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भूक्तानी दिदां प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धीत दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भूक्तानी दिनेछ ।

७. दोस्रो पक्षले स्वीकृत प्रस्तावको कार्य तालिका बमोजिम मिति .......... गते सम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य सम्पन्न गरी ........को विउ पहिलो पक्षलाई उपलब्ध गराई सकनुपर्ने छ ।

८. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

९.यस सम्झौतामा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१०.खरिद गरिएको..........को उन्नत विउ वितरण गर्दा ...... को विउमा कहि कतै उजुरी वा नउम्रेको खण्डमा स्वतः दोस्रो पक्षले व्यहोर्ने छ ।

११.अन्य कुनै शर्तहरु थपघट गर्नु परेमा दुवै पक्षको सहमतिमा तय गरी लागु गरिनेछ ।

**पहिलो पक्ष :**

नामः ...............

पद : प्रमुख प्रशासकिय अधिकृत

मितिः.......................

दस्तखत :

कार्यलयको छाप :

**दोस्रो पक्ष :**

नामः ..................

ठेगाना :...............

अध्यक्ष :

मितिः.............

दस्तखत :

कार्यलयको छाप :

रोहवर :

नामः ......................

पद : ................

गढी गा.पा.औरावनी,

सुनसरी

मितिः........................

हस्ताक्षर :

रोहवर :

नाम :.................

हस्ताक्षर :

मिति :.................

नाम :

पद : कृषि विकास शाखा प्रमुख

गढी गा.पा. औरावनी,

सुनसरी

हस्ताक्षर :

ईती सम्वत .... साल ..... महिना ... गते रोज ... शुभम्

आज्ञाले

शम्भु प्रसाद पौडेल ०८०।६।१५

प्रमुख प्रशासकीय अधिकृत